सम्माननीय सभामुख महोदय,

१. आगामी आर्थिक वर्ष २०६५।६६ को नियमित बजेट व्यवस्थापिका–संसद समक्ष पेश हुन नसकेको यस स्थितिमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९६क. बमोजिम आगामी आर्थिक वर्षमा नियमित सेवा र कार्यहरुलाई निरन्तरता दिन "सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६५" यस व्यवस्थापिका–संसद समक्ष पेश गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा नेपाली जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण गर्न गठन भएको यो संविधानसभाका सम्पूर्ण माननीय सभासदहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न पाउँदा मलाई खुसी लागेको छ । जनताले सुम्पेको यो जिम्मेवारी हामी सबैले समयमै सम्पन्न गर्न सक्ने छौं भन्ने विश्वास लिएको छु ।

३. नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित ऐन, नियम र परम्परा बमोजिम गत माघ महिनादेखि नै आर्थिक वर्ष २०६५।६६ को बजेट निर्माणको तयारी शुरु भई बजेटको प्रारम्भिक मस्यौदा तयार भइसकेको थियो । खासगरी सर्वपक्षीय सहमतिमा निर्मित त्रिवर्षीय अन्तरिम योजनामा आधारित रहेर क्षेत्रगत मन्त्रालय तथा निकायहरु, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालय बीच छलफल गरी बजेटको निर्माण प्रक्रिया अघि बढेको थियो । तर यसै बीच संविधानसभाको निर्वाचन परिणामबाट प्राप्त जनादेशको आधारमा नयाँ सरकारको गठनको आवश्यकता, प्रधानमन्त्रीज्यूले सम्मानीत व्यवस्थापिका–संसद समक्ष गर्नु भएको राजीनामाको घोषणा, संविधान संशोधनको प्रस्ताव, धेरै दिनसम्म संविधानसभाको बैठक अवरुद्ध हुनु, राष्ट्रपतिको चयन र नयाँ सरकारको गठन प्रक्रियामा राजनीतिक सहमति जुट्न समय लाग्नु जस्ता कारणले सरकारको नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेट समयमा व्यवस्थापिका–संसद समक्ष पेश हुन नसक्ने विशेष परिस्थिति उत्पन्न भयो ।

४. सरकारको नीति तथा कार्यक्रम माथि छलफल भई धन्यवादको प्रस्ताव पारित भएपछि मात्र नियमित बजेट पेश गरिनु उपयुक्त लोकतान्त्रिक विधि हो । यस्तो स्थापित लोकतान्त्रिक पद्धति र परम्पराको अनुशरण गरी आगामी आर्थिक वर्षको लागि पूर्ण आकारको नियमित बजेट पेश हुन नसकेको हुँदा राजनीतिक परामर्श र सहमतिको आधारमा नियमित सरकारी खर्चका लागि अन्तरिम व्यवस्था स्वरुप सञ्चित कोषबाट रकम झिक्न र खर्च गर्न विधेयक ल्याउन सक्ने र चालू आर्थिक वर्षको आर्थिक ऐन,

२०६४ बमोजिम आगामी आर्थिक वर्षमा पनि कर लगाउन र राजस्व संकलन गर्न सकिने गरी नेपालको अन्तरिम संविधान, २०६३ को पाँचौ संशोधन गरिएको व्यहोरा माननीय सभासदहरुलाई अवगत नै छ । यसै अनुरुप विनियोजन विधेयक, २०६५ व्यवस्थापिका–संसद समक्ष पेश नभएसम्मका लागि नियमित खर्चको व्यवस्थापन गर्न "सेवा तथा कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६५" पेश गर्नु परेको हो ।

**सभामुख महोदय,**

५. माननीय सभासदहरुलाई अर्थ व्यवस्थाको वर्तमान स्थिति बारे सामान्य जानकारी प्रदान गर्ने अभिप्रायले अब म चालू आर्थिक वर्ष २०६४।६५ मा देशको आर्थिक अवस्था र आर्थिक परिसूचकहरुको प्रवृत्तिको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

६. संक्रमणकालीन राजनीतिक अवस्थाका कारण चालू आर्थिक वर्षमा अर्थतन्त्र व्यवस्थापनको कार्य ज्यादै चुनौतीपूर्ण रह्यो । देशको अर्थतन्त्र संचालनमा अपनाइएको सावधानी, सतर्कता र सुधार प्रक्रियाको निरन्तरताको परिणाम स्वरुप अधिकांश समष्टिगत आर्थिक परिसूचकहरुलाई अनुकूल राख्न हामीलाई सफलता मिलेको छ भन्न पाउँदा मलाई खुसी लागेको छ ।

७. चालू आर्थिक वर्षमा आधारभूत मूल्यमा हासिल भएको ५.६ प्रतिशतको आर्थिक वृद्धिदर विगत सात वर्ष पछिकै उच्च वृद्धिदर हो । यस वर्ष कृषि क्षेत्रको वृद्धिदर ५.६५ प्रतिशत रह्यो जुन आर्थिक वर्ष २०५०/५१ पछिको उच्च वृद्धिदर हो । यस वर्ष गैर-कृषि क्षेत्रमा हासिल भएको ५.५७ प्रतिशतको वृद्धिदर आर्थिक वर्ष २०५६/५७ पछिको उच्च वृद्धिदर हो । यस वर्ष वचत र लगानीमा समेत विस्तार देखिएको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य वचत गत वर्षको ९.७ प्रतिशतबाट वृद्धि भई यस वर्ष ११.५ प्रतिशत पुगेको छ । राष्ट्रिय वचतको यस्तो अनुपात भने गत वर्ष २८.५ प्रतिशत रहेकोमा यस वर्ष ३२ प्रतिशत पुगेको छ । त्यस्तै, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी गत वर्ष २८ प्रतिशत रहेकोमा यस वर्ष ३२ प्रतिशत पुगेको छ ।

८. आर्थिक क्रियाकलापको विस्तार, कर प्रणालीमा गरिएको सुधार, करदाता सहभागितामा भएको वृद्धि र राजस्व प्रशासनको सुदृढीकरणको परिणामस्वरुप राजस्व संकलन उत्साहजनक रहेको छ । चालू आर्थिक वर्षमा कुल रु. १ खर्ब ३ अर्ब ६६ करोड ७२ लाख राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा गत वर्षको तुलनामा २२ प्रतिशतले वृद्धि भई करीब रु. १ खर्ब ७ अर्ब संकलन हुने संशोधित अनुमान छ । यो रकम कुल गार्हस्थ्य

उत्पादनको अनुपातमा १३ प्रतिशत हुन आउँछ । गत आर्थिक वर्ष र यस आर्थिक वर्षको हालसम्म हासिल भएको राजस्वको वृद्धिदर आर्थिक वर्ष २०५१/५२ पछिको उच्च वृद्धिदर हो ।

९. विकास आयोजनाहरुको खर्च व्यहोर्ने प्रमुख स्रोतका रुपमा रहेको वैदेशिक सहायताको परिचालन पनि चालू आर्थिक वर्षमा उत्साहप्रद रह्यो । गत आर्थिक वर्षको असार ३० गतेसम्म कुल रु. ३७ अर्ब २ करोड २८ लाख वैदेशिक सहायता प्राप्त हुने गरी संझौता सम्पन्न भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा कुल रु. ५७ अर्ब ६ करोड ५ लाख प्राप्त हुने गरी संझौताहरु सम्पन्न भइसकेका छन् । गत आर्थिक वर्षको तुलनामा संझौता रकममा ५४.१ प्रतिशतले वृद्धि भएको छ ।

१०. नेपाल सरकारको ऋण दायित्व घटेको छ । वाह्य तथा आन्तरिक गरी कुल ऋण दायित्व २०६३ असार मसान्तमा रु. ३२९ अर्ब रहेकोमा २०६४ फागुन मसान्तमा कुल रु.३२४ अर्ब रहेको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा नेपाल सरकारको कुल ऋण दायित्व २०६३ असार मसान्तको ५०.३ प्रतिशतबाट २०६४ असार मसान्तमा ४४.१ प्रतिशत रहेकोमा यस आर्थिक वर्षको अन्त्यमा करिव ४० प्रतिशतको हाराहारीमा रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वैदेशिक ऋण दायित्व २६.३ प्रतिशत मात्र छ ।

११. चालू आर्थिक वर्षको प्रथम दश महिनासम्म गत वर्षको सोही अवधिको तुलनामा विदेशमा काम गर्ने नेपालीहरुबाट प्राप्त विप्रेषण ३५.३ प्रतिशतले बढेर रु. १०९ अर्ब पुगेको छ भने सोही अवधिमा पर्यटन आय ८३.२ प्रतिशतले बढेर रु. १५ अर्ब नाघेको छ । निर्यात क्षेत्र शिथिल रहेको तथा आयातमा विस्तार भएकाले वस्तु व्यापार घाटामा वृद्धि देखिएता पनि वाह्य क्षेत्रको चालू खाता बचतमा रहेको तथा शोधनान्तर बचत २०६४ बैशाखको रु. ७ अर्बको तुलनामा २०६५ बैशाखमा रु. २० अर्ब पुगेको छ । फलस्वरुप, विदेशी विनिमय सञ्चिति २०६५ बैशाखमा रु. १९७ अर्ब पुग्न गई साढे दश महिना बराबरको वस्तु आयात धान्न पर्याप्त रहेको छ ।

१२. निजी क्षेत्रको लगानी पनि केही बढेको छ । गत आर्थिक वर्षमा निजी क्षेत्रको कुल स्थिर पूँजी निर्माण यथार्थ मूल्यमा ०.६ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षमा ५.१ प्रतिशतले बढेको अनुमान छ । बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाहित बैंक कर्जाको वृद्धिदर गत आर्थिक वर्षको प्रथम १० महिनासम्म १६.७ प्रतिशतले बढेकोमा यस वर्षको सोही अवधिमा उक्त कर्जाको वृद्धिदर १९.५ प्रतिशत पुगेको छ ।

१३. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ, खाद्यान्न लगायत अन्य वस्तुको उच्च मूल्य वृद्धिको प्रभाव नेपालको मूल्यस्थितिमा पनि पर्न गएको छ । वार्षिक औसत मूल्य वृद्धिदर

२०६३ जेठमा ७.८ प्रतिशत र २०६४ जेठमा ६.७ प्रतिशत रहेकोमा २०६५ जेठमा ७.१ प्रतिशत पुगेको छ । त्यस्तै, विन्दुगत आधारमा वार्षिक मूल्य वृद्धिदर २०६३ जेठमा ९.१ प्रतिशत र २०६४ जेठमा ४.५ प्रतिशत रहेकोमा २०६५ जेठमा ११ प्रतिशत पुग्न गएको सन्दर्भमा मूल्य स्थायित्व सुनिश्चित गर्नुपर्ने चुनौती रहेको जानकारी गराउन चाहन्छु ।

१४. चालू आर्थिक वर्षमा सरकारी खर्चका लागि कुल रु. १ खर्ब ६८ अर्ब ९९ करोड ५६ लाख विनियोजन गरिएकोमा रु.१ खर्ब ६२ अर्ब ६५ करोड ३९ लाख खर्च हुने संशोधित अनुमान छ । यस मध्ये चालू खर्च रु. ९५ अर्ब ६३ करोड ३२ लाख, पूंजीगत खर्च रु.५२ अर्ब ३१ करोड १९ लाख र सावां भुक्तानी रु. १४ अर्ब ७० करोड ८८ लाख हुने अनुमान छ । गत वर्षको तुलनामा चालू खर्च २४ प्रतिशतले र पूंजिगत खर्च ३१.६ प्रतिशतले वृद्धि हुने देखिएको छ ।

१५. गैर–ऋण साधन परिचालनमा विस्तार आई वित्त सन्तुलन कायम राख्न सफलता मिलेको छ । कुल वैदेशिक सहायतामा अनुदानको अंश वृद्धि भई यस वर्ष ६६.७ प्रतिशत पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारी वित्त घाटा गत वर्षको हाराहारी ३.९ प्रतिशत रहेको छ जुन तीन–वर्षीय अन्तरिम योजनाको निर्धारित सीमा ४.२५ प्रतिशत भित्रै रहेकोछ ।

१६. पेट्रोलियम पदार्थको खरीद मूल्य दिन प्रतिदिन बढ्दै गएको तर स्थानीय बिक्री मूल्य सोही अनुरुप समायोजन गर्न नसकिएकाले नेपाल आयल निगमले व्यहोर्नु परेको नोक्सानी पूर्ति गर्न सरकारले रु. ६ अर्ब ६७ करोड लगानी गर्नु परेको छ । यसैगरी संविधानसभाको निर्वाचन सम्पन्न गर्न दोहोरो खर्च गर्नु परेको, शान्ति सुरक्षा खर्चमा वृद्धि भएको, अनपेक्षित आर्थिक क्षतिपूर्तिको खर्च वहन गर्नु परेको, २३ बूँदे सहमतिको कार्यान्वयन, राहत रकममा वृद्धि भएको लगायतका विगतका सरकारहरुबाट व्ययभार वहन गर्नुपर्ने गरी दायित्व श्रृजना भएका विविध कार्यहरु समेतमा गरी करीब रु. ५ अर्ब थप खर्च गर्नु परेको कुरा समेत जानकारी गराउन चाहन्छु । यसका वावजूद पनि बजेट व्यवस्थापनमा सावधानी अपनाइएको हुँदा वृद्धि भएको खर्चलाई बजेटले तोकेको सीमा भित्रै राख्न सकिएको छ । मैले तत्कालीन व्यवस्थापिका–संसदमा मिति २०६४ माघ २ गतेका दिन उपरोक्त कारणहरुले गर्दा चालू आर्थिक वर्षको बजेटको सीमाले खर्च धान्न नसकिने व्यहोरा जनाउँदै पूरक बजेट पेश गर्नुपर्ने अभिव्यक्ति दिएको थिएँ । परन्तु, स्वीकृत कुल विनियोजन, आन्तरिक ऋण एवं राजस्वका दरहरु कै सीमा एवं प्रचलित नियम कानुनको परिधिभित्र रही बजेट व्यवस्थापन गर्न सकिएकोले पूरक बजेट पेश गर्नु पर्ने स्थिति नआएको जानकारी गराउन चाहन्छु ।

१७. शान्ति सुरक्षाको स्थितिमा आएको क्रमिक सुधार, आयोजना व्यवस्थापन कार्य कुशलतामा भएको वृद्धि र प्रक्रियागत सुधार तथा लगानीको वातावरण अनुकूल बन्दै गएको परिणाम स्वरुप पूँजीगत खर्चमा सन्तोषजनक वृद्धि हुन गएको छ ।

१८. चालू आर्थिक वर्षको बजेट तर्जुमा गर्दा छ वटा जिल्ला सदरमुकामहरुमा मोटर बाटो पुऱ्याउने, कृषि तथा ग्रामीण पूर्वाधार निर्माण, ग्रामीण विद्युतीकरण, ग्रामीण दूरसञ्चार तथा रोजगारी वृद्धिलाई प्राथमिकता दिइएको थियो । साथै, आधारभूत मानव अधिकारको रुपमा शिक्षा र स्वास्थ्यमा आम जनताको पहुँच पुऱ्याइने गरी कार्यक्रम तर्जुमा गरिएका थिए । बजेट कार्यान्वयन स्थितिको समग्र मूल्याङ्कन गर्दा उपलब्धि सन्तोषजनक रहेको छ । थप तीन वटा जिल्लाका सदरमुकामहरुमा मोटरबाटो पुगिसकेको छ भने अन्य तीन जिल्लामा केही महिनाभित्रै मोटर बाटो पुऱ्याउने गरी निर्माण कार्य भैरहेको छ । ग्रामीण पूर्वाधारमा व्यापक विस्तार भई थप रोजगारी सिर्जना भएको छ । कृषि क्षेत्रको उत्पादन वृद्धिदर उच्च रहेको छ । जलविद्युतको क्षेत्रमा केही ठूला नयाँ आयोजनाहरुको प्रारम्भिक कार्य शुरु भएको छ भने साना र मझौला खालका कतिपय योजनाहरु कार्यान्वयन प्रक्रियामा छन् । मध्य–मर्स्याङ्गदी जलविद्युत आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । निजी क्षेत्रबाट निर्माण गरिएका केही आयोजनाहरु केन्द्रिय विद्युत प्रणालीमा जोडिएका छन् । ग्रामीण खानेपानी आयोजनाहरुबाट थप स्वच्छ पानी उपलब्ध भएको छ । मेलम्ची आयोजनाको मुख्य प्रवेश मार्गको सडक निर्माण कार्य सम्पन्न भएको छ र सुरुङ्ग निर्माणका लागि ठेक्कापट्टा लगाउने कार्य समेत अन्तिम चरणमा छ ।

१९. पचहत्तरै जिल्लाका प्रायः सबै गाउँ विकास समितिहरुमा टेलिफोन सेवा पुगेको छ । स्वास्थ्य चौकी तथा अस्पतालहरुको विस्तार तथा निःशुल्क औषधि वितरणबाट स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच बढेको छ । शिक्षक दरबन्दी एवं विद्यालय भवन र कक्षा कोठा विस्तार जस्ता भौतिक पूर्वाधारहरुको वृद्धिबाट सार्वजनिक विद्यालयहरुको गुणस्तरमा सुधार आएको छ । गरिबी निवारणका लागि लक्षित कार्यक्रम, महिला सशक्तीकरण, पर्यटन विकास, वित्तीय क्षेत्र सुधार, वैकल्पिक उर्जा विस्तार, पुनर्निर्माण, पुनर्स्थापना तथा राहत जस्ता कार्यक्रमहरुमा सन्तोषजनक उपलब्धि हासिल भएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित तुल्याउन कतार, बहराइन, संयुक्त अरब एमिरेटस् र कोरिया सरकारसंग श्रम सम्झौताहरु सम्पन्न भएका छन् । वैदेशिक रोजगारीमा जानेहरुकालागि रु. ५ लाखको बीमा अनिवार्य गरिएको छ । मैले यहाँ संक्षेपमा उल्लेख गरेको क्षेत्रगत उपलब्धिहरुको विस्तृत विवरण आर्थिक सर्वेक्षण २०६४।६५ मा प्रस्तुत गरेको छु ।

सभामुख महोदय,

२०. अब म सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६५ को मूलभूत विशेषताहरुको चर्चा गर्न चाहन्छु ।

(क) प्रस्तुत विधेयकबाट आर्थिक वर्ष २०६५।६६ को लागि विनियोजन विधेयक व्यवस्थापिका संसद समक्ष पेश नभएसम्मको लागि खर्च व्यवस्थापन गर्न चालू आर्थिक वर्षको कुल खर्चको बढीमा एक तिहाई वरावरको रकम सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार नेपाल सरकारलाई प्राप्त हुनेछ ।

(ख) नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम सञ्चित कोषमाथि व्ययभार भएका विषयमा आर्थिक वर्षभरिकै लागि रु. २६ अर्ब ५९ करोड ९५ लाख ९४ हजार र सञ्चित कोषबाट खर्च हुने सेवा र कार्यहरुको लागि चालू वर्षको यथार्थ खर्चको एक तृतीयांशसम्म खर्च गर्न पाउने गरी रु. ४६ अर्ब ९३ करोड ७९ लाख ८६ हजार समेत जम्मा रु.७३ अर्ब ५३ करोड ७५ लाख ८० हजारको प्रस्ताव गरेको छु । तत्काल यथार्थ खर्चको विवरण प्राप्त हुन नसक्ने भएकोले एक तृतीयांश रकम गणना गर्नका लागि संशोधित व्यय अनुमानलाई आधार बनाइएको छ ।

(ग) प्रस्तुत विधेयकबाट चालू आर्थिक वर्षमा संचालनमा रहेका आयोजनाहरुको बाँकी काम बजेटको सीमाभित्रै रही निर्वाध रुपमा कार्यान्वयन गर्न सकिनेछ ।

(घ) यो विधेयक अनुसार खर्च भएको रकम सरकारले पछि पेश गर्ने विनियोजन विधेयक, २०६५ मा समावेश गर्नेछ ।

(ङ) संचित कोषबाट झिक्न र खर्च गर्न अधिकार दिइएको रकम नेपाल सरकारका निकायहरुले हाल गरिरहेको सेवा र कार्यहरुलाई निरन्तरता प्रदान गर्न उपयोग गरिनेछ ।

(च) यो विधेयकद्वारा पेश्की स्वरुप खर्च गर्न अधिकार दिएको रकम चालू आर्थिक वर्ष २०६४।६५ मा जुन बजेट उपशीर्षकहरुबाट खर्च गरिएको हो सोही उपशीर्षकहरुबाट मात्र खर्च गर्न पाइनेछ ।

(छ) वैदेशिक सहायताबाट संचालित आयोजनाहरुको हकमा पेश्की स्वरुप निकासा भएको रकमबाट संझौता अनुरुप संचालन गर्नु पर्ने नयाँ कार्य र आयोजनामा पनि खर्च गर्न सकिनेछ ।

(ज) स्थानीय निकायहरुलाई जाने निःशर्त अनुदानको रकमको अख्तियारी अर्थ मन्त्रालयले सोझै स्थानीय निकायहरुलाई दिनेछ ।

२१. द्वन्द्वपीडित आम जनतालाई प्रत्यक्ष राहत प्रदान गर्ने तथा क्षतिग्रस्त पूर्वाधारहरुको पुनर्निर्माण गर्ने उद्देश्यले चालू आर्थिक वर्षमा विभिन्न दाताहरुसंग सहयोग संझौताहरु सम्पन्न भएका छन् । उदाहरणका लागि विगतको द्वन्द्वमा ज्यान गुमाएका सबै व्यक्तिको परिवारका सदस्यहरुलाई रु. १ लाखका दरले राहत दिने सरकारी निर्णय कार्यान्वयन गराउन विश्व बैंकको आकस्मिक शान्ति सहयोग कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने संझौता भैसकेको छ । त्यस्तै, एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुने ग्रामीण पूर्वाधार तथा पुनर्निर्माण विकास कार्यक्रमबाट द्वन्द्वपीडित क्षेत्रमा आम जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी कार्यक्रम संचालन हुने भएकोले यस्ता नयाँ कार्यक्रमहरु आगामी आर्थिक वर्षको शुरुदेखिनै संचालन गर्ने व्यवस्था मिलाएको छु ।

२२. कर्मचारीहरुको तलव सुविधा सम्बन्धमा उच्चस्तरीय तलव आयोग, २०६१ तथा तलव भत्ता पुनरावलोकन समितिबाट प्राप्त भएका सिफारिसहरु कार्यान्वयन गर्न र कर्मचारी संगठनहरुका मागको उचित सम्बोधन गर्न सरकार प्रतिवद्ध छ । तथापि, अहिले २०६४।६५ को सेवा र कार्यहरुलाई निरन्तरता दिने प्रयोजनको लागि मात्र रकमको व्यवस्था गरिएकोले नयाँ सरकारले पूर्ण आकारको नियमित बजेट तर्जुमा गर्दा यो विषय प्राथमिकताका साथ सम्बोधन हुने विश्वास लिएको छु ।

**सभामुख महोदय,**

२३. नेपालको अन्तरिम संविधानको पाँचौ संशोधनले प्रदान गरेको अधिकार अनुसार आगामी आर्थिक वर्ष २०६५।६६ मा चालू आर्थिक वर्ष २०६४।६५ को आर्थिक ऐन, २०६४ बमोजिम नै कर लगाउन र राजस्व संकलन गर्न नेपाल सरकारले निर्णय गरेको कुरा मैले माथि नै उल्लेख गरिसकेको छु । यो व्यवस्था सरकारले आर्थिक ऐन, २०६५ व्यवस्थापिका–संसद समक्ष पेश नगरे सम्मको लागि मात्र कायम रहनेछ ।

२४. प्रस्तुत विधेयक बमोजिम खर्च हुने रकमका लागि राजस्व आम्दानीबाट नपुग हुन गएमा नेपाल राष्ट्र बैक ऐन, २०५८ बमोजिम चालू आर्थिक वर्षमा संकलन भएको राजस्व आयको ५ प्रतिशत रकमसम्म नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट अधिविकर्ष लिई खर्च व्यवस्थापन गर्न सक्ने कानुनी व्यवस्था रहेको जानकारी गराउन चाहन्छु । यसरी अधिविकर्ष लिइएमा पूर्ण आकारको बजेट तर्जुमा गर्दा कायम गरिने आन्तरिक ऋणमा समावेश हुनेछ ।

२५. नेपालको आर्थिक तथा सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने मित्रराष्ट्र एवं दातृ संस्थाहरुलाई धन्यवाद दिन चाहन्छु । शान्ति प्रक्रियालाई व्यवस्थित गर्न र खासगरी संविधानसभा निर्वाचन सम्पन्न गर्न हाम्रो आग्रह बमोजिम तत्काल सहयोग पुऱ्याएर नेपाल प्रतिको जुन सदभावना दातृ समुदायले दर्शाएका छन्, त्यो अविस्मरणीय रहनेछ । साथै आगामी दिनहरुमा यस्तो सहयोग निरन्तर उपलब्ध भइरहने विश्वास लिएको छु ।

२६. राजस्व वृद्धिमा योगदान पुऱ्याउने व्यावसायिक जगत लगायत सम्पूर्ण करदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२७. राजनीतिक सुझबुझ र सहमतिले गर्दा चालू आर्थिक वर्षको बजेट तर्जुमा तथा कार्यान्वयन र आर्थिक सुधारका कार्यक्रम अघि बढाउने कार्य सहज रह्यो । यसका लागि म तत्कालीन व्यवस्थापिका–संसदका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । संविधानसभाको निर्वाचन पछि नयाँ सरकार बन्न ढिलाई भइरहेको र सरकारको नीति र कार्यक्रम व्यवस्थापिका–संसद समक्ष प्रस्तुत हुन नसकेको अवस्थामा बजेट संकट उत्पन्न नहोस भनी जुन तदारुकताका साथ सबै राजनीतिक दलका नेताहरुले संविधान संशोधनका निमित्त सहमति दिनु भयो र यस सभाले त्यसलाई साथ दियो त्यसका निमित्त सम्पूर्ण नेताहरु तथा सभासदज्यूहरुलाई धन्यवाद दिन चाहन्छु । असहज र कठिन राजनीतिक परिस्थितिमा पनि सहमति र सहकार्यको माध्यमबाट हरेक समस्याको निकास दिन हामी प्रतिवद्ध रहेका छौं । राजनीतिक सहमति र स्थिरताबाट मात्र यो देशले आर्थिक अग्रगति लिन सक्ने अपेक्षा गरेको छु ।

२८. मैले यस सदन समक्ष प्रस्तुत गरेको "सेवा तथा कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६५" छोटो समयका लागि अन्तरिम खर्च व्यवस्थापन गर्ने उपाय मात्र हो । राजनीतिक मुद्दाहरुले महत्व पाइरहेको वर्तमान अवस्थामा आर्थिक विकासको कार्यसूची ओझेलमा परेको कटु यथार्थ हाम्रा सामु छर्लङ्गै छ । तीव्र आर्थिक विकास गरी त्यसको प्रतिफल सीमान्तकृत एवं पिछडिएका वर्गका जनता समक्ष समान रुपले पुऱ्याउन सकिएन भने अहिले हामीले हासिल गरेको राजनीतिक उपलब्धि दिगो रहन सक्तैन । राज्य संचालनमा कतिपय यस्ता प्राविधिक पक्षहरु विद्यमान रहेका हुन्छन् जसको सम्बोधन समयमै गरिएन भने ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ । पूर्ण आकारको बजेटले मात्र आर्थिक मुद्दाहरुलाई संबोधन गरी समग्र अर्थतन्त्रलाई दिशा निर्देशन गर्न सक्दछ । यस सन्दर्भमा, आयोजना तर्जुमाको सम्पूर्ण प्रक्रिया पूरा गरी ठेक्कापट्टा समेत सम्पन्न भै कतिपय महत्वपूर्ण ठूला आयोजनाहरु निर्माण कार्यको पर्खाइमा छन् । बजेटको अभावमा यी आयोजनाहरु अलपत्र पर्ने र त्यस्ता

आयोजनाहरुको सम्पन्न हुने समय लम्बिन गई लागत समेत वृद्धि हुन सक्छ । पछि ठूलो धनराशी अपव्यय हुने तथ्यलाई दृष्टिगत गरी जिम्मेवारीबोधका साथ यस्ता आयोजनाहरुलाई निर्वाध रुपमा रकम उपलब्ध गराउन सकेसम्म छिटो पूर्ण आकारको बजेट पेश भई पारित हुन आवश्यक रहेको महसुस गरेको छु ।

२९. अन्त्यमा, विगत दुई वर्षमा विवेक, निरन्तर सावधानी र परिश्रमका साथ निर्माण गरिएको समग्र आर्थिक स्थिरता, साधन परिचालन एवं सार्वजनिक व्ययका बीचको सन्तुलन एवं अधिकांश आर्थिक परिसूचकहरुको सकारात्मक स्थितिले भावी आर्थिक विकास र निकट भविष्यमा प्रस्तुत हुने नियमित पूर्ण बजेटको लागि सवल आधार बन्ने छ भन्ने विश्वास लिएको छु ।

**जय नेपाल !**

## अनुसूची - १

## सञ्चित कोषमाथि व्ययभार हुने रकमको वार्षिक अनुमान

## आर्थिक वर्ष २०६५।६६

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु.हजारमा) |
|---|---|---|---|
| १ | ११ | राष्ट्रपति | २५,०० |
| २ | १२ | उपराष्ट्रपति | २०,०० |
| ३ | १३ | संविधान सभा / व्यवस्थापिका-संसद | ४९,६३ |
| ४ | १४ | अदालत | ९,५९,७५ |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६,९०,९० |
| ६ | १६ | महालेखा परीक्षकको कार्यालय | १०,५१,५७ |
| ७ | १७ | लोक सेवा आयोग | ८,९२,६६ |
| ८ | १८ | निर्वाचन आयोग | ११,५६,६३ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ४,८२,६२ |
| १० | ८१ | अर्थ मन्त्रालय - आन्तरिक ऋण भुक्तानी | १३,०३,०७,३४ |
| ११ | ८२ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ९,७७,०४,१६ |
| १२ | ८३ | अर्थ मन्त्रालय - वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३,१६,२५,६८ |
| १३ | ९५ | अर्थ मन्त्रालय - विविध | १०,३०,०० |
| | | **जम्मा** | **२६,५९,९५,९४** |

## अनुसूची - २

## सञ्चित कोषबाट खर्च हुने शीर्षकहरुको लागि आर्थिक वर्ष २०६४।६५ को संशोधित अनुमानको एक तृतीयांश वरावरको रकम

## आर्थिक वर्ष २०६५।६६

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | पूंजीगत खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | जम्मा संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) |
| १ | १३ | व्यवस्थापिका-संसद | ११,८७,०८ | ९०,५० | १२,७७,५८ |
| २ | १४ | अदालत | २०,४५,७५ | ७,६२,५० | २८,०८,२५ |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३९,२० | १०,०० | ४९,२० |
| ४ | १६ | महालेखा परीक्षकको कार्यालय | २४,६५ | ३२,९२ | ५७,५७ |
| ५ | १७ | लोक सेवा आयोग | १२,९२ | २२,७३ | ३५,६५ |
| ६ | १८ | निर्वाचन आयोग | ५२,२७,१५ | २१,७८ | ५२,४८,९३ |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ५,०४,४७ | ८४,६४ | ५,८९,११ |

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | पूंजीगत खर्चतर्फको संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) | जम्मा संशोधित अनुमानको एक तृतीयांश रकम (रु. हजारमा) |
| ८ | २० | न्याय परिषद् | २२,४० | ७३ | २३,१३ |
| ९ | २१ | राष्ट्रिय मानव अधिकार आयोग | ६२,०० | १,६८ | ६३,६८ |
| १० | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ८८,८८ | ० | ८८,८८ |
| ११ | ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८,४९,५६ | ५७,१४,१० | ६५,६३,६६ |
| १२ | ३५ | अर्थ मन्त्रालय | ३२,०४,४३ | १३,२७,८२ | ४५,३२,२५ |
| १३ | ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३५,६४,७५ | ९,०९,९० | ४४,७४,६५ |
| १४ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | १,२६,०५ | ५६,१३ | १,८२,१८ |
| १५ | ४० | कृषि तथा सहकारी मन्त्रालय | १,१०,५९,५२ | १५,०९,९६ | १,२५,६९,४८ |
| १६ | ४५ | गृह मन्त्रालय | ४,२९,२५,८० | ४०,८६,३७ | ४,७०,१२,१७ |
| १७ | ४७ | जलस्रोत मन्त्रालय | १७,८५,५१ | १,२१,३१,२९ | १,३९,१६,८० |
| १८ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ३७,८९,५३ | ३,६७,५८,१४ | ४,०५,४७,६७ |
| १९ | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९,६३,१४ | ८,५५,४६ | १८,१८,६० |
| २० | ५० | परराष्ट्र मन्त्रालय | ४१,०३,५६ | २,२३,३१ | ४३,२६,८७ |
| २१ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २६,९६,२१ | २,८५,७२ | २९,८१,९३ |
| २२ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | १५,०५,८९ | ९७,१८ | १६,०३,०७ |
| २३ | ५८ | रक्षा मन्त्रालय | ३,४६,९३,५२ | २६,६७,३६ | ३,७३,६०,८८ |
| २४ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | ६५,७३,९३ | ७,३४,१८ | ७३,०८,११ |
| २५ | ६१ | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ८,६५,३० | २२,७३,४९ | ३१,३८,७९ |
| २६ | ६२ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ५,००,७७ | ३३,०१,२० | ३८,०१,९७ |
| २७ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | ८,४९,१४,३१ | ९८,३०,४१ | ९,४७,४४,७२ |
| २८ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ५,५१,०७ | ३४,८४ | ५,८५,९१ |
| २९ | ६७ | सूचना तथा सञ्चार मन्त्रालय | ४६,२०,३९ | १०,८३,४० | ५७,०३,७९ |
| ३० | ६९ | स्थानीय विकास मन्त्रालय | १,०५,७३,४६ | २,७९,८३,५४ | ३,८५,५७,०० |
| ३१ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २,९०,३२,१७ | ९४,८१,१६ | ३,८५,१३,३३ |
| ३२ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ६,६७,१९ | १,४०,८४ | ८,०८,०३ |
| ३३ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ८,९९,५९ | २,१२,५९ | ११,१२,१८ |
| ३४ | ८७ | अर्थ मन्त्रालय - लगानी सार्वजनिक संस्थान | ० | ४,७५,९६,६३ | ४,७५,९६,६३ |
| ३५ | ९० | अर्थ मन्त्रालय-सेवानिवृत्त सुविधा तथा कर्मचारी सुविधा | ३,२७,०७,८६ | ० | ३,२७,०७,८६ |
| ३६ | ९५ | अर्थ मन्त्रालय - विविध | २६,१८,६७ | ४०,५०,६८ | ६६,६९,३५ |
| | | **जम्मा** | **२९,५०,०६,६८** | **१७,४३,७३,१८** | **४६,९३,७९,८६** |